जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.वि.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक ७८ २०७८ साल कात्तिक १ गते सोमबार (18 Oct. 2021 Monday) मूल्य रु. ५/-
**Log on :** *rajbirajdainik.com.np*

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : दशैं : नेपाली एकताको.. ३ पृष्ठमा : आन्दोलनरत बाल शिक्षक तथा ... ३ पृष्ठमा :बेलायतमा एकै दिन ४०...

# सेवाग्राहीलाई सहज रुपमा सेवा पुऱ्याउन मन्त्री साहको निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराजस्थित भूमिसुधार तथा मालपोत कार्यालयमा आइतबार अनुगमन तथा निरिक्षण गरेका छन् ।

सो क्रममा मन्त्री साहले कर्मचारीहरूसँग भेटघाट गर्दै सेवाग्राहीहरूलाई सहज रुपमा सेवा पुऱ्याउन निर्देशन दिएका छन् ।

कर्मचारीहरूको जिज्ञासामा मन्त्री साहले सेवालाई व्यवस्थापन, कर्मचारी अभाव र भौतिक पुर्वाधार, शौचालय निर्माण जस्ता समस्याको समाधान गर्न केन्द्र सरकारसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सेवाग्राहिहरूले मालपोत कार्यालयबाट पाउने सेवाहरू छिटो र सहज बनाउन तथा कार्यालय भित्र हुने अनियमिता बारेमा मंत्री साहलाई सेवाग्रहीहरुले जानकारी गराएका थिए ।

मंत्री साहलाई सेवाग्राहीहरूले अदालतबाट हुने अंशबन्डा सम्बन्धी मुद्दामा अदालतले पनि रजिष्ट्रेशन शुल्क लिने र मालपोतले लालपुर्जा पाउने बेला पनि कर लिने गरेकोले आफूहरूले दोहोरो कर तिर्ने गरेको गुनासो गरे ।

मालपोत कार्यालयमा बारम्बार भष्टाचार हुने गरेको जनगुनासो बढेकोले कार्यालय भित्र हुने घटनाहरूलाई नियन्त्रण गर्न मन्त्रि साहले ठाउँ ठाउमा सिसि क्यामरा जडान गरी निगरानी गर्नुपर्ने सुझाव दिए ।




अनुरोधकर्ता : सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी सप्तरी

# विभिन्न घटनामा पाँचको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

सुनसरीदेखी महोत्तरीसम्म आइतवार विभिन्न घटनामा परि पाँच जनाको मृत्यु भएको छ ।

सुनसरी जिल्लामा एक युवकको दुर्घटनामा मृत्यु भएको छ भने धनुषामा दुई जनाको सडक दुर्घटना र एक जनाको घाटी रेटेर हत्या तथा महोत्तरीमा एक जनाको डुबेर मृत्यु भएको सम्बन्धित जिल्ला प्रहरीले जनाएको छ ।

प्राप्त जानकारी अनुसार सुनसरीको इटहरी उपमहानगरपालिका ४ मा स्कारपियोको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीयवासी २० वर्षीय मनिष रौनियार रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को१च ९५६४ नं को स्कारपियोले शनिबारराति ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री रौनियारको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै धनुषामा मोटरसाइकल दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

मृत्यु हुनेमा धनुषाको गणेशमान चारनाथ नगरपालिका १ बस्ने २७ वर्षीय दीपलाल महरा र सोही ठाउँका २१ वर्षीय हरिचन महरा रहेको प्रहरीले जनाएको छ । सोही मोटरसाइकलमा सवार लालबाबु पासवान गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार तीन जना सवार तीव्र गतिमा रहेको मोटरसाइकल अनियन्त्रित भई रुखमा ठोक्किँदा दुर्घटना भएको हो । सबैला नगरपालिकामा शनिबार साँझ तीव्र गतिमा रहेको बा ४८ प ५५२२ नं को मोटरसाइकल अनियन्त्रित भई रुखमा ठोक्किँदा दुईजनाको मृत्यु भएको र एकजना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

यस्तै धनुषामै एक युवकको घाँटी रेटेर हत्या गरिएको छ । जिल्लाको नगराइन नगरपालिका-५ स्थित गङ्गुलीबाट देवडिहा जाने बाटोको छेउमा घाँटी रेटेर हत्या भएको अवस्थामा सिरहाको मिर्चैया नगरपालिका ८ का सञ्जीव पण्डितको आइतबार बिहान शव फेला परेको हो ।

शनिबारराति कसैले घाँटी रेटेर पण्डितको हत्या गरेको हुनसक्ने धनुषा प्रहरीले जनाएको छ । बिहान स्थानीयवासीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

यसैगरि महोत्तरीको जलेश्वर नगरपालिकमा देवी दुर्गाको मूर्ति बिसर्जन गर्ने क्रममा पोखरीमा डुबेर मृत्यु भएका एक युवकको शव आइतबार बिहान फेला पारेको छ ।

जलेश्वर नगरपालिका २ स्थित भार्गवसर पोखरीमा देवी दुर्गाको मूर्ति बिसर्जन गर्ने क्रममा शनिबार साँझ जलेश्वर नगरपालिका २ का पवन साहका छोरा १८ वर्षीय सुमितकुमार साहको डुबेर मृत्यु भएको थियो ।

जलेश्वरको दुर्गाचोकमा अवस्थित दुर्गापूजाको मूर्ति प्रत्येक वर्ष विजया दशमीको भोलिपल्ट बिसर्जन गर्ने परम्परा छ । सोही परम्परा अनुसार शनिबार साँझ मूर्ति बिसर्जन गर्ने क्रममा साहको भार्गवसर पोखरीमा डुबेर मृत्यु भएको थियो ।

युवक साह मूति विसर्जन भइसकेर अबेर राति घर नआएपछि परिवारजनले खोजतलाश गर्न थालेको र आइतबार बिहान मूर्ति सेलाउन गएको पोखरीमा डुबेको हुनसक्ने आशङ्का गर्दै नेपाल प्रहरीसहितको टोलीले सोही पोखरीमा खोज्न जाँदा युवक साह पोखरीभित्र हिलोमा गडेको अवस्थामा फेला परेको महोत्तरी प्रहरीले जनाएको छ ।

# थप ३ सय ९१ जनामा कोरोना संक्रमण

काठमाडौं, ३१ असोज (रासस) ।

पछिल्लो २४ घण्टामा नेपालमा थप ३९१ जनामा कोरोना सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर गरिएको छ हजार ९६६ पीसीआर परीक्षणका क्रममा ३८५ र एक हजार ११ एन्टिजेन परीक्षणका क्रममा छ जनामा कोरोना पुष्टि भएको हो ।

योसँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या आठ लाख ९८ हजार ३९९ पुगेको छ । हाल १२ हजार २९७ सक्रिय सङ्क्रमित आइसोलेसन र २३१ जना क्वारेन्टाइनमा छन् ।

पछिल्लो २४ घण्टामा कोरोनाका कारण थप छ को मृत्यु भएको छ । योसँगै हालसम्म नेपालमा ११ हजार २८४ को कोरोनाका कारण मृत्यु भएको छ । त्यसैगरी आइतबार ६८० सङ्क्रमित कोरोनामुक्त भएका छन् । योसँगै नेपालमा सात लाख ८१ हजार ४५६ सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ ।

## सम्पादकीय

### संरचना निर्माण र उपकरणका साथै दक्षजनशक्ति भित्राऔं

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा भौतिक संरचना निर्माणका कार्यहरु सूचारु रहेको छ भने अस्पतालमा विभिन्न रोगका आधुनिक उपकरणहरु जडान हुने कार्य समेत भइरहेको छ। अस्पतालमा विभिन्न रोगका बिरामीहरुको उपचार सम्भव हुने भन्दै अस्पताल प्रशासनले दिर्घकालिन रुपमा सेवा दिन अघि बढेको छ।

अस्पतालमा भने दिनहु बिरामीहरुको चाप बढेपनि त्यहाको सेवामा कटौती पनि हुँदै गएको छ। केही समयअघि सो अस्पतालमा जटिल भन्दा जटिल बिरामीहरुको उपचार सम्भव हुनेगर्थ्यो। तर अहिले चिकित्सकको अभावमा बिरामीहरु पुनः अन्त्य जान बाध्य छन्। चिकित्सकहरुको सरुवा र करार अवधी सकिएपछि दक्ष चिकित्सकहरुलाई अस्पतालमै टिकाई राख्न प्रशासन चुकेको छ। जसकारण पुरानो बिग्रेको छबि सुधार भइरहेको अवस्थामा पुनः पुरानै छबितर्फ अस्पताल लम्किएको छ। यसप्रति सकैको चासो गएको देखिन्न्।

तसर्थ अस्पतालको साख र बिरामीलाई सेवा दिन अस्पताल प्रशासनले दक्षजनशक्तिलाई ठिकाई राख्नेतर्फ ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता रहेको छ। मात्र भौतिक संरचना निर्माण र उपकरण भित्राएर अस्पताल चल्दैन्।

# सुनसरी घटना : सत्यतथ्य बाहिर ल्याउन सरकार प्रतिबद्ध

काठमाडौँ, ३१ असोज (रासस)। सरकारले सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाका मोहम्मद हकीम साहको जिल्ला प्रहरी कार्यालय सुनसरीको बन्दी गृहमा भएको मृत्यु प्रकरणबारे सत्यतथ्य बाहिर ल्याउने प्रतिबद्धता जनाएको छ ।

गृह मन्त्रालयमा आइतबार मुस्लिम समुदायसँगसम्बन्धित सङ्घ संस्थाका प्रतिनिधिले बुझाएको ज्ञापनपत्र बुझ्दै मन्त्री खाँणले नागरिकको जीवन रक्षा गर्नु सरकारको पहिलो काम रहेको बताउनुभयो। उहाँले सामाजिक सद्भाव कायम गरी सत्यतथ्य बाहिर ल्याउन सरकार र आफू संवेदशील रहेको बताउनुभयो।

सबै नागरिक आफ्नो धर्म संस्कृति अवलम्बन गर्न स्वतन्त्र रहेको उल्लेख गर्दै उहाँले सरकारको पहिलो दायित्व नागरिकको जीवन रक्षा भएको त्यसमा आफू प्रतिबद्ध रहेको बताउनुभयो।

ज्ञापनपत्रमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित छानविन समितिलाई भङ्ग गरी उच्च अदालतका न्यायाधीशको संयोजकत्वमा मानव अधिकारकर्मीसहितका विज्ञ टोली गठन गर्न माग गरिएको छ। मन्त्री खाँडले स्थानीयले विश्वास गर्नेगरी अहिलेको छानविन समितिका सदस्यलाई फेरबदल गर्ने विषयमा कुराकानी भएको जानकारी दिनुभयो।

मन्त्रालयमा ज्ञापनपत्र बुझाउन इस्लामी सङ्घका अध्यक्ष खुर्शिद आलम, नेपाल मुस्लीम सङ्घका महासचिव रहमतुल्ला मियाँ, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य मोहना अन्सारीसहित ११ जना प्रतिनिधिको टोली सहभागी थियो।

# हिरासतभित्रका मृत्यु प्रकरणः गृहद्वारा छानबिन समिति गठन

काठमाडौँ, ३१ असोज (रासस)। गृह मन्त्रालयले हिरासतभित्र भएका मृत्युका घटनाको अनुसन्धान गर्न सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा एक छानबिन समिति गठन गरेको छ।

कारागारमा र प्रहरी हिरासतमा रहेका व्यक्तिको मृत्यु प्रकरणमा सत्यतथ्य छानबिन गरी भविश्यमा त्यस्ता घटना हुन नदिन तथा कारागार व्यवस्थापनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव पेश गर्ने गरी उक्त समिति गठन गरिएको हो।

उक्त छानबिन समितिले यही असोज २४ मा जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासतमा रहेका एक व्यक्ति, असोज २५ मा कैलालीको टिकापुर इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका व्यक्ति र असोज २६ मा जिल्ला कारागार पर्वतमा रहेका एक बन्दीले आत्महत्या गरेको घटनाको सम्बन्धमा छानबिन गर्ने गृह मन्त्रालयले जनाएको छ।

यसैबीच मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गरी यही २६ गते मुगुमा भएको सवारी दुर्घटनामा मृत्यु भएका ३२ जनाका परिवारका लागि सरकारबाट दिइने राहत तथा घाइतेको उपचार सहयोग रकम भुक्तानीका लागि प्रक्रिया आरम्भ भएको जनाएको छ।

नेपालगञ्जबाट मुगु जाँदै गरेको भे १ ख ३१६७ नम्बरको बस रारा नगरपालिका-७ तपने खोलामा दुर्घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा १३ जना घाइते भएका थिए। सरकारले मृतकका परिवारलाई किरिया खर्चबापत रु २५ हजार र रु एक लाख आर्थिक सहायता दिने र घाइतेको उपचार गर्ने घोषणा गरेको थियो।


२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं।**


कोही नछुटौं, कोही नदोहरिऔं।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड








पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. रंजना गिरी**

**Dr. Ranjana Giri**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# दशैं : नेपाली एकताको पर्व

**जनार्दन कट्टेल**

चन्द्रमासमा आधारित वर्ष गणना विधिअनुसार हरेक वर्ष असोज शुक्ल प्रतिपदाको दिन घटस्थापना गरेर विधिवत जमरा राखे पछि दशैं पर्व शुरू भएको मानिन्छ । यसका विशेष दिनहरुमा आश्विन शुक्ल सप्तमीलाई फुलपाती, अष्टमीलाई महाअष्टमी, नवमीलाई महानवमी र दशमीलाई विजया दशमीको रुपमा मनाउने चलन छ ।

विशेष गरेर विजयादशमी र तत् पश्चात पुर्णिमासम्म मान्यजनहरुबाट दशैंको टीका र जमरा लगाई आशिर्वाद थाप्ने छ । केही दशक अघिसम्म यसलाई आम नेपालीको पर्वको रुपमा मनाइदै थियो भने अहिले यसलाई हिन्दूहरुको मात्र हो भनी संकुचित रुपमा ब्याख्या गर्ने क्रम बढेको छ ।

के यो हिन्द्हरु मात्रको पर्व हो त ? यसतर्फ बिचार गर्दा नेपालमा २०६८ को हिन्दू धर्म मान्ने जनसङ्ख्या ८१ प्रतिशत छन् । बाँकी १९ प्रतिशत जनसंख्या बौद्ध, इस्लाम, ईसाई तथा किराँत लगायत अन्य धेरै किसिमका धर्म मान्नेहरु छन् ।

हिन्दूहरुको करीब आधा जनसंख्या तराईमा बस्छ । तथापि तराईको हिन्दू सम्प्रदायले मनाउने दशैं र पहाडी समुदायमा मनाउने दशैंको तौर तरिकामा आकाश जमिनको फरक छ । त्यसैले पनि यो हिन्दूहरुको पर्व हो भन्नु त्यति उपयुक्त नहोला की ? अर्को तिर पहाडी समुदाय, जो आफूलाई हिन्दू नभई किराँत वा यस्तै अन्य प्राकृतिक धर्म मान्ने बताउदै आएको छ, उनीहरुको दशैं मान्ने आफ्नै परम्परा र मौलिकता छ ।

हिन्दू वा बौद्ध धर्म मान्ने नेवार समुदायले दशैंका हरेक दिन विभिन्न शक्ति पीठहरुमा पुजा अर्चना गरेको देखिन्छ । नेवारी सम्प्रदाय धार्मिक सहिष्णुता र अन्तरसम्बन्धको फराकिलो फाँट हो । पशुपतिमा बुद्ध मुकुट पहिर्‍याउने चलन पनि नेवारी सम्प्रदायको उपज हो ।

यसरी हेर्दा दशैं पर्व विशेष रुपमा नेपालको पहाडको समुदायमा धुमधामसँग मनाइने तथा फरक फरक समुदायमा आफ्नै मौलिक विधिअनुसार मनाइने गरेको देखिन्छ । त्यसो त भारत वर्षमा पनि विभिन्न हिन्दू समुदायहरुमा नवरात्र, दशहरा आदि नामले मनाउने गरिन्छ ।

समुदाय अनुसारका मौलिक परम्परा तथा विधिले गर्दा यी सबैलाई दशैको रुपमा नै बुझ्ने कि नबुझ्ने भन्ने प्रश्न बिचारणीय छ ।

अर्को एउटा विषय आज झन गम्भीर भएर हामी माझ खडा भएको छ । त्यो के भने किराँत तथा पहाडी जनजातिहरुको धारणामा क्रमशः थपिदै गरेको दशैं प्रतिको नकारात्मकता । कतै कतै सेतो टीका लगाउने समुदायका मानिसहरुले रातो रङ्ग चै आफ्नै पुर्खाको रगत भएको ब्याख्या गर्ने गरेको देखियो, सुनियो ।

दशैंको रातो टीका र जमरालाई ब्राह्मणबाद अझ भनौं पुरेतबादसँग जोडेर आफू हिन्दू धर्म वर्णित राक्षस सम्प्रदायको भएको र आफूलाई मारेर त्यसको विजयोत्सबको रुपमा बाहुनहरुले दशैं मनाएको भनी ब्याख्या गरेको समेत पाइयो ।

तर यी भनाइमा के कति सत्यता छ र त्यसको वास्तविकता के हो भन्ने खोजी गर्ने प्रयास भएको भने साह्रै थोरै मात्र देखियो ।

हुन त यसमा मेरो अध्ययन पनि सीमित हुन सक्छ । मैले जनजातीहरुको मौलिक साहित्य ( Indigenous Literature) त्यति धेरै अध्ययन गरेको छैन । तथापि दशैंमा पढिने दुर्गा माताको प्रार्थना समेटिएको दुर्गा सप्तसति चण्डीको केहि प्रसंगहरुको विश्लेषण गरी माथिको अनुच्छेदमा भनिएको कुरामा त्यति धेरै सत्यता नरहेको जिकीर गर्न चाहन्छु ।

मार्कण्डेय पुराण अन्तरगत देवी भागवतको सावर्णिक मन्वन्तरको देवी तथा दानबहरुको लडाँइको प्रसङ्ग तथा त्यस युद्धका रोमाञ्चक प्रसङ्गहरुको वर्णन दुर्गा सप्तसतिमा गरिएको छ । कथामा एक जना समाधी नामक ब्यापारी (वैश्य) तथा सुरथ नाम गरेका राजा सबै कुरा हारेर, गुमाएर कसरी मेधा ऋषिका शरणमा पुग्छन् र कसरी आफ्नो मनकामना पूरा गर्न सफल हुन्छन भन्ने प्रसङ्ग मार्कण्डेय ऋषिले वर्णन गरेका छन् ।

अनि मेधा ऋषिले श्री दुर्गाको प्रार्थना गरेर सम्पूर्ण देव समुदायलाई बिजय गरी सत्ताच्यूत गर्न सक्ने बलशाली दानबहरुलाई देवी एक्लैले के कसरी विजय प्राप्त गर्छिन् भन्ने कथा सुनाएर त्यस्ती शक्तिशाली देवीको आराधना गरेर मनोकामना पूरा हुने तथा विजय प्राप्त हुने बताउछन् ।

कथामा देवीका विभिन्न स्वरुप जस्तै कौमारी, ब्राह्मी, सरस्वती, माहेश्वरी, महाकाली, शिवा आदिलाई सत्य तथा दानवहरु जस्तैः धुम्रलोचन, महिषाशुर, चण्ड, मुण्ड, रक्तविज, कालेय, कालकेय, शुम्भ, निशुम्भ, लगायतका पात्रहरुलाई असत्यको प्रतिक पात्रको रुपमा व्याख्या गरिएको छ ।

मातृ शक्तिद्वारा दानव प्रवृत्तिमाथि भएको यही विजयलाई नै विजया दशमीको रुपमा मनाउन थालिएको भनिएको छ ।

आश्विन शुक्ल प्रतिपदादेखि नौ दिनसम्म उनै दुर्गाको नौ वटा विभिन्न रुपको पूजा आराधना गरेर नवरात्री मनाउने गरिन्छ । यस ग्रन्थमा दुर्गा देवी तथा मातृशक्तिको पवित्रता तथा शक्तिको चर्चा तथा प्रशंशा र आराधना गरिएको छ । यसको उत्कृष्ट एक श्लोक भन्नु पर्दा निम्न श्लोकलाई छनौट गर्नु उपयुक्त हुन्छ ।

‘कपुत्रो जायेत क्वचिदपि कुमाता नभवतु’ । अर्थात पुत्र खराब हुन सक्ला तर आमा कुनै पनि हालतमा खराब हुदिनन् । सप्तसतिमा देबी दुर्गाको शरणमा पर्ने सबैको उद्दार गर्ने क्षमता भएकी देवीको रुपमा उनको प्रार्थना गरिएको छ । शरणागत दीनार्त परित्राण परायणे सर्वस्यार्ती हरे देवी नारायणी नमोस्तुते ।

माता दुर्गाको उपाशना पश्चात विजया दशमीको दिन आशिर्वाद दिंदा धार्मिक साहित्यमा भएका उत्कृष्ट पात्रहरुको झैं उत्कृष्टता प्राप्त गर्न सफल हुनु भन्ने आशिर्वाद दिने चलन छ । उदाहरणको निमित्त द्रोणाचार्यका छोरा अश्वत्थामाको जस्तो आयु होस, दशरथ राजाको जस्तो श्री होस, नहुष राजको जस्तो शत्रुको नाश होस, पवन वा हावाको जस्तो गति वेग/गति होस आदि ।

यो बाहेक कुनै उपमा नदिइकन वा पात्रसँग तुलना नगरी कुशल रहनु, चिरायु हुनु, गाई तथा धनधान्यको वृद्धि होस, शत्रुनाश होस जस्ता आशिर्वादहरु पनि दिने गरिन्छ । पहाडी सम्प्रदायमा माइती पक्षका तल्लो पींढीले समेत चेली तर्फका माथिल्लो पींढीलाई टीका जमारा लगाई आशिर्वाद दिने प्रचलन देखिन्छ ।





राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


## विश्व समाचार

### बेलायतमा एकै दिन ४० हजार भन्दा कोरोना संक्रमित

लन्डन, ३१ असोज (रासस/सिन्ह्वा) ।

बेलायतमा शनिबार चौथो दिनसम्म पनि कोरोना भाइरसका ४० हजार भन्दा बढी कोरोना सङ्क्रमित भेटिएका छन् । कोरोना भाइरसको सङ्क्रमण घट्न नसकेको देखिएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन् ।

गएको २४ घन्टामा अर्थात् शनिबार ४३ हजार ४२३ जनामा यो सङ्क्रमण देखिएको छ । यो समेतगरी यहाँ चौथो दिन सम्म पनि ४० हजार भन्दा बढी सङ्क्रमित पाइएका हुन् ।

पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको छ । बेलायतका स्वास्थ्य अधिकारीहरुले सरकारी प्रयासका बाबजुत पनि यहाँ कोरोनाबाट हुने सङ्क्रमणमा दैनिक कमी नआएको बताएका छन् ।

अधिकारीहरुले बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको संख्या ८४ लाख ४४ हजार नाघेको पनि जनाएका छन् । यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएअनुसार यहाँ पछिल्लो २४ घन्टामा कोरोना भाइरसका कारण १४८ जनाको मृत्यु भएको छ ।

यहाँका स्वास्थ्य अधिकारीले यहाँ धेरै समयपछि मृत्यु हुनेको संख्या पनि बढ्न थालेको बताएका छन् । योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ३८ हजार भन्दा बढीको मृत्यु भएको छ । बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये करिब सात हजार जना अझै पनि अस्पतालमै उपचाररत रहेका छन् ।

बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले पछिल्ला दिनहरुमा बेलायतमा कोरोना भाइरसको संक्रमण बढ्दै गएको देखिएको भन्दै थप सतर्कता अपनाउन आग्रह पनि गर्नुभएको छ ।

### वर्षा र बाढीबाट भारतमा १८ को मृत्यृ, दर्जनौं बेपत्ता

नयाँ दिल्ली, ३१ असोज (रासस/सिन्ह्वा) ।

भारतको दक्षिणी केरला राज्यमा शनिबारको अविरल वर्षा र बाढीका कारण कम्तीमा पनि १८ जनाको ज्यान गएको छ । अरु दर्जनौ व्यक्ति बेपत्ता भएका छन् ।

बाढीका कारण कतिपय स्थानमा भीषण पहिरो गएको छ । पहिरोमा परेर दर्जैनौ बेपत्ता भएका बताइएको छ ।दक्षिणी राज्य केरलाका इदुकी र कोट्याम जिल्लामा बाढी र पहिरोको प्रकोप देखा परेको प्रहरीले जनाएको छ ।

कोटचाम जिल्लामा बढीले बढी क्षति पुऱ्याएको यहाँका एक स्थानीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको छ । बाढीमा परेर मृत्यु भएका र हराएकामध्ये अधिकांश सो जिल्लाका रहेका छन् । यहाँ आइतबार बिहान सम्म पनि बर्षा जारी रहेको छ ।

बाढीका कारण कतिपय स्थानीय सडकहरु पनि अवरुद्ध भएका छन् । मौसम् विज्ञान विभागका अधिकारीहरुले आइतबार पनि बर्षा कायमै रहने बताएका छन् ।

### भारतम थप १४ हजार १४६ जना संक्रमित

नयाँ दिल्ली, ३१ असोज (रासस/एएनआई) ।

पछिल्लो एक दिनमा भारतमा १४ हजार १४६ जना थप कोरोना भाइरसका सङ्क्रमित थपिएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ । यो सङ्ख्या २२९ दिनयताको सवभन्दा कम भएको पनि सो मन्त्रालयले जनाएको छ ।

मन्त्रालयकाअनुसार भारतमा पछिल्लो एक दिनमा १९ हजार ७८८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कोरोनामुक्त सङ्ख्या तीन करोड ३४ लाख १९ हजार ७४९ पुगेको सो मन्त्रालयले जनाएको छ । यहाँ हाल ९८ः १० प्रतिशत व्यक्ति कोरोनाभाइरसबाट मुक्त भएका छन् ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने १ लाख ९५ हजार ८४६ पुगेको अधिकारीले जनाएका छन् । यो सङ्ख्या २२० दिन यताको सव भन्दा कम भएको समाचारमा जनाइएको छ ।

योसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४० लाख ६७ हजार ७१९ जना पुगेको छ । यसैसँगै भारतमा कोरोना शुरु भएयता अहिलेसम्म कुल चार लाख ५२ हजार १२४ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएका छन् ।

### संयुक्त राष्ट्रसंघद्वारा युद्धविरामको स्वागत

संयुक्त राष्ट्रसंघ ३१ असोज (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसंघले सेन्ट्र अफ्रिकन रिपब्लिक सरकारले एकतर्फी रुपमा जारी गरेको युद्धविरामको स्वागत गरेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले हिंसाग्रस्त सो देशको सरकारले यहाँ एकतर्फी रुपमा शुक्रबार युद्धविराम गरेको छ ।

यहाँको सरकारले एकतर्फी रुपमा गरेको युद्धविरामको स्वागत गर्दै अर्को पक्षलाई पनि वार्ताको टेबलमा बस्न तथा शान्तिपूर्ण रुपमा समाधान खोज्न महासचिव गुटेर्रेसले आग्रह गर्नुभएको छ । उहाँले मध्य अफ्रिकी यस देशका सबै पक्षलाई यहाँ शान्तिपूर्ण वार्ताका माध्यमबाट राजनीतिक समाधान खोज्न आग्रह गर्नुभएको छ ।

# भाइरल ज्वरोका बिरामी बढ्दै

राजविराज, ३१ असोज (रासस)।
बढ्दो गर्मीसँगै सप्तरीमा भाइरल ज्वरो र रुघाखोकीका बिरामी बढेका छन्। सप्तरीको राजविराजस्थित गजेन्द्र नारायण सिँह अस्पतालमा अहिले भाइरल ज्वरो, टाइफाड, पखाला, रुघाखोकी, सर्पदंशलगायत बिभिन्न रोगका बिरामीको चाप बढ्दै गएको अस्पतालले जनाइएको छ।

केही दिनयता उपचारका लागि अस्पताल आउनेमा भाइरल ज्वरोका बिरामी बढेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रञ्जीत झाले बताउनुभयो। एक सातादेखि अस्पतालमा ज्वरो, रुघाखोकीलगायत भाइरलका बिरामीको सङ्ख्या बढेको छ। यसबाट विशेषगरी बालबालिका तथा महिला बढी प्रभावित भएको उहाँको भनाइ छ। मौसम परिर्वतनका कारण अस्पतालमा भाइरल ज्वरो र रुघाखोकीको बिरामीहरूको चाप अहिले बढदै गएको मेडिकल सुपरिटेन्डेन्ट झाले बताउनुभयो।

असोज महिनामा पनि दिउँसो अत्यधिक गर्मी भएसँगै अस्पतालमा दैनिक ६० देखि ७० जनासम्म बिभिन्न रोगका बिरामी अस्पतालमा भर्ना हुन आउने गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार आकस्मिक कक्षमा करिब २५/३० शय्या रहेको अस्पतालमा बिरामीको चाप बढेपछि अहिले अस्पतालमा शय्याको समेत अभाव भएको छ।

शचयाको अभावमा केही बिरामीलाई भुईँमा राखेर उपचार भइरहेको त्यहाँ कार्यरत चिकित्सकले बताएका छन्। गर्मी बढेसँगै जिल्लामा रहेका एक सरकारी अस्पताल गजेन्द्रनारायण सिँह, अन्य स्वास्थ्य केन्द्र र सवास्थ्य चौकीमा समेत भाइरल ज्वरो तथा टाइफाइडका बिरामी उपचारका लागि आउने गरेको स्वास्थ्य संस्थाका स्वासथ्यकर्मीले बताएका छन्।

अहिले जिल्ला अस्पताल र ग्रामीण भेगका स्वास्थ्य केन्द्रहरूमा पनि बिरामीको भीड लागेको स्वास्थ्यकर्मी बताउँछन्। ग्रामीण क्षेत्रबाट अहिले दैनिकजसो टाउको दुख्ने, ज्वरो आउने बिरामी अस्पतालमा आइरहेका छन्। अस्पतालमा उपचारका लागि भर्ना भएकामध्ये आधाभन्दा बढी ५/७ दिनभित्र निको हुने र कसैलाई साता दिनभन्दा बढी सताउने गरेको अस्पतालका चिकित्सकहरूले बताएका छन्। निमोनियाबाट भने बालबालिकाहरू बढी प्रभावित भएको अस्पतालले जनाएको छ। मौसम परिवर्तन, दूषित पानी र खानपिनमा सतर्कता नअपनाउदा भाइरल ज्वरोका बिरामी बढेको अनुमान अस्पतालको छ। त्यस्तै जिल्लाको निजी अस्पतालमा समेत भाइरल ज्वरो, पखाला, रुघाखोकीका बिरामी उपचारका लागि आउने गरेको बताइएको छ।

# पत्नीमाथि टुनामुना गरेर गर्भ तुहाएको भन्दै भाउजूको हत्या गर्ने पक्राऊ

जलेश्वर, ३१ असोज (रासस)।
महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका-३ मडै गाउँमा आफ्नी पत्नीलाई टुनामुना गरेर गर्भ तुहाइदिएको भन्दै भाउजूको हत्या गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राऊ पर्नेमा स्थानीयवासी ४२ वर्षीय सञ्जयकुमार झा रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले आइतबार पत्रकार सम्मेलन गर्दै बताउनुभयो।

सञ्जयले भाउजू ६० वर्षीया शिलादेवी झाले आफ्नी पत्नी रिङ्कुदेवी झालाई डेढ महिनाअघि टुनामुना गरेर केरा खान दिएको र केरा खाएपछि आफ्नी पत्नीको गर्भ तुहिएको भन्दै बडादसैँ चलिरहेकै बेला गत बिहीबार बिहान ३ बजेको समयमा भाउजू शिला सुतिरहेको अवस्थामा हथौडा प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ।

भाउजूको ओछ्यानमै गएर तीन हथौडा प्रहार गरी टाउको छियाछिया पारेर हत्या गरी साइकलमा जनकपुर भागेका युवकलाई जिप्रका महोत्तरीले पक्राउ गरी आइतबार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको छ। प्रहरीले उनीमाथि कर्तव्य ज्यान मुद्दा चलाएर आवश्यक अनुसन्धान अगाडि बढाएको छ।

# ९७ बोतल लागुऔषध बरामद

इनरुवा, ३१ असोज (रासस)।
सुनसरी सदरमुकाम इनरुवा-३ स्थित सखुवागाछीबाट ९७ बोतल लागुऔषध आइतबार बरामद भएको छ।

को २६ प ५८६९ नम्बरको अपाचे मोटरसाइकलमा पश्चिमबाट पूर्वतर्फ दुधबोक्ने भाडोमा लागुऔषध लगिरहेको छ भनी गोप्य सूचनाको अधारमा प्रहरीले चेकजाच गर्दा ९७ थान डाइलेक्स डिसी नामक लागुऔषध बरामद भएको सुनसरीका प्रहरी नायव उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिनुभयो।

दुई वटा गिलेनमा लुकाइएको लागूऔषध बरामद भएको र चालक र पछाडी सवार व्यक्ति फरार भएको प्रहरीले जनाएको छ। मोटरसाइकल छाडेर भागेका उनीहरूको खोजी भइरहेको प्रहरी नायव उपरीक्षक कार्कीले जानकारी दिनुभयो। लागुऔषध गिलेनमा ओसारपसार भएको पाइनुलाई नौलो तरिका अपनाएको सुनसरी प्रहरीले जनाएको छ। घटनाको बिषयमा थप अनुशन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सबै नागरिकको सम्मानजनक सहभागिता आवश्यक : अध्यक्ष यादव

इनरुवा, ३१ असोज (रासस)।
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सबै नागरिकको राज्यमा सम्मानजनक सहभागिता नभएसम्म देश समृद्ध हुन नसक्ने बताउनुभएको छ।

सुनसरी सदरमुकाम इनरुवामा आइतबार अयोजना गरिएको कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा उहाँले नेपाल विश्वकै धेरै मुलुकमध्येको सुन्दर मुलुक भएकाले यहाँको स्रोतलाई उपयोग गरेर दाता देश बन्नसक्ने जिकिर गर्नुभयो।

आफू परराष्ट्रमन्त्री भएको बेला विदेश भ्रमण गर्दा अरुको भन्दा आफ्नै देशमा धेरै विकासका सम्भावना रहेको अनुभव गरेको अध्यक्ष यादवले जानकारी दिनुभयो। कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गरेर, जलस्रोतलाई विद्युत्मा परिणत गरेर र पर्यटनलाई विदेशीको माझ व्यापार बनाउन सक्ने गरी विकास गर्न सक्ने उहाँले उल्लेख गर्नुभयो।

फरक प्रसङगमा अध्यक्ष यादवले नेपालको संविधान संसोधन गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो। संविधान निर्माण र जारीदेखि नै आफूहरुले त्यसमा संसोधनको आवश्यकता रहेको बताउँदै आएको चर्चा गर्दै उहाँले संसोधन नभएसम्म सबै नेपालीको हित नहुने बताउनुभयो।

संविधान संशोधन गरेर तराई मधेस, पहाड र हिमालसम्मका उत्पीडनमा परेका समुदायको अधिकार सुनिश्चित गर्नुपर्ने उहाँले बताउनुभयो। संविधानमा गर्ने संसोधन कुनै समुदायको अधिकार खोस्नका लागि नभई सबैको सम्मान पहुँच स्थापित र अपनत्व महसुस गराउनका लागि हुने उहाँको भनाइ थियो।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी जसपामा प्रवेश सयौँ नेता तथा कार्यकर्ताहरुलाई पार्टीका अध्यक्ष यादवले फूल, माला र अबिर लगाएर पार्टीमा स्वागत गर्नुभएको थियो।


मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी



खोप लगाऔं सुरक्षित रहौं

खोप लगाएपछि पनि,
* मास्कको नियमित प्रयोग गरौं,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
* साबुनपानीले हात धोऔं,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*